
के अन्धाले
अन्धालाई डोऱ्याउन
सक्छ र ?

# के अन्धाले अन्धालाई डोर्‍याउन सक्छ र ?

*'अनि प्रभु येशूले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयोः "के अन्धाले अन्धालाई डोर्‍याउन सक्छ र ? के ती दुवैजना खाड़लभित्र खस्नेछैनन् र ? चेला आफ्नो गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध भएको हुन्छ, ऊ आफ्नो गुरुजत्तिकै हुनेछ।*

*अनि तिम्रो भाइको आँखामा भएको छेस्को तिमी किन हेर्छौ, तर आफ्नै आँखामा भएको मुढ़ा चाहिँ थाहा पाउँदैनौ ? अथवा तिमीले आफ्नै आँखाभित्र भएको मुढ़ा देख्दैनौ भने, तिमीले कसरी आफ्नो भाइलाई, 'खै भाइ, तिम्रो आँखाभित्र भएको छेस्को मलाई निकाल्न देऊ' भनी भन्न सक्छौ ? हे कपटी, पहिले आफ्नै आँखाबाट मुढ़ा निकाल, त्यसपछि आफ्नो भाइको आँखामा भएको छेस्को निकाल्न तिमीले छर्लङ्ग देख्नेछौ। किनकि असल रूखले खराब फल फलाउँदैन, न ता खराब रूखले असल फल फलाउँछ। किनकि हरेक रूख आफ्नै फलबाट चिनिन्छ। किनभने मानिसहरूले काँड़ा-हरूबाट नेभारा टिप्दैनन्, न ता काँड़ाको झाङबाट अङ्गुर बटुल्छन्। असल मानिसले आफ्नो हृदयको असल ढुकुटीबाट असल कुरा निकाल्छ; अनि खराब मानिसले आफ्नो हृदयको खराब*

*ढुकुटीबाट खराब कुरा निकाल्छ; किनकि हृदयको भरपूरीबाट नै त्यसको मुख बोल्छ ।*

*अनि तिमीहरू मलाई किन 'प्रभु, प्रभु' भन्छौ, तर मैले भनेका कुराहरू चाहिँ पालन गर्दैनौ ? जो कोही मकहाँ आउँछ, अनि मेरा वचनहरू सुन्छ र ती पालन गर्छ, ऊचाहिँ कोजस्तो छ, सो म तिमी-हरूलाई देखाउनेछुः ऊचाहिँ एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो गरी खन्यो र चट्टानमाथि त्यसको जग बसाल्यो । अनि जब बाढ़ी आयो, तब भेलले त्यस घरलाई खूबै जोरले हिर्काउन त हिर्कायो, तर त्यसलाई हल्लाउन सकेन; किनकि त्यो घर चट्टानमाथि बसालिएको थियो । तर जसले सुन्छ, तर पालन गर्दैन, त्योचाहिँ यो मानिसजस्तो हो, जसले जगविना जमिनमाथि एउटा घर बनायो, जुन घर भेलले खूबै जोरले हिर्कायो, र तुरुन्तै त्यो घर ढल्यो; अनि त्यस घरको विनाश ठूलो भयो ।" '* *लूका ६ : ३९-४९*

आज बिहान मेरो बाइबल-पाठ उक्त खण्ड भएको थियो; अनि मैले पाएको आशिष म यहाँ तपाईंहरूसित बाँध्न चाहन्छु । किनकि परमेश्वरको वचनको उक्त खण्डबाट हामी कति महत्त्वपूर्ण कुराहरू सिक्न सक्छौं । किनभने प्रभु येशू यो दृष्टान्त हाम्रो निम्ति बोल्नु-भएको हो ।

**क)** *लूका ६ : ३९-४० : 'के अन्धाले अन्धालाई डोऱ्याउन सक्छ र ? के ती दुवैजना खाड़लभित्र खस्दैनन् र ?'*

हामीले सिक्नुपर्ने पहिलो कुरा यस प्रकारको छः हामी आत्मिक हिसाबले केही नजान्ने अन्धा मानिस हौं । यसकारण आफ्नो जीवनमा हामी आफूले हिंड्नुपर्ने बाटो कुनचाहिँ हो, सो विषयमा केही पनि

जान्दैनौं। यसो भए हामीलाई एकजना शिक्षकको खाँचो पर्दछ। तर हाय हामीलाई, जब हाम्रो शिक्षकचाहिँ हामीजस्तै अन्धा हुन्छ। तब यस्तो शिक्षकबाट हामीलाई कुनै लाभ हुँदैन, तर हाम्रो हानि ठूलो हुनेछ। किनकि हामी दुवैजना खड़लभित्र पर्छौं-पर्छौं। आत्मिक हिसाबले आफू अन्धा हुनु भएन। तर अन्धा अगुवाको सहारा लिनु पनि भएन। होइन, हाम्रो जीवनमा हामीलाई एउटा असल गुरुको आवश्यकता पर्छ, जसले हामीलाई खल्टाहरूबाट उम्काएर सही मार्गमा डोर्‍याउनुहुन्छ। अनि प्रभु येशूभन्दा असल गुरु कोही पनि छैन। उहाँले हाम्रो जीवनको मार्ग शुरुदेखि अन्तसम्म जान्नुहुन्छ। यसकारण हामीले उहाँलाई आफ्नो जीवनको स्वामी तुल्याउनुपर्छ। यसको निम्ति हामी उहाँको चेलाहरूको बीचमा भर्ती हुनुपर्छ। किनकि हाम्रा प्रभु येशूले सबै मानिसहरूलाई सिकाउन त सिकाउनुहुन्छ, तर प्रायः साधारण मानिसहरूलाई उहाँको शिक्षा एउटा उखान, एउटा दृष्टान्तजस्तै लाग्छ। किनकि उहाँले आत्मिक रहस्यहरूको अर्थ आफ्ना चेलाहरूको निम्ति मात्र खोल्नुहुन्छ। मत्ती १३:१०-११ पदमा प्रभु येशूका चेलाहरूले उहाँलाई सोधेः 'तपाईं मानिसहरूसँग किन दृष्टान्तहरूमार्फत बोल्नुहुन्छ?' तब उत्तरमा उहाँले तिनीहरूलाई यो भन्नुभयोः *'किनकि तिमीहरूलाई चाहिँ स्वर्गको राज्यका रहस्यहरू जान्न दिइएको छ, तर तिनीहरूलाई दिइएको छैन।'* यसकारण परमेश्वरको राज्यका रहस्यहरू जान्न तपाईंको इच्छा भयो भने, प्रभु येशूको चेला हुने निर्णय गर्नुहोस्! किनभने उहाँ हाम्रो आत्मिक अन्धोपन हटाउनुहुन्छ र हामीलाई सिकाउँदै जीवनको उच्च स्थानमा पुर्‍याउनुहुन्छ।

**ख)** *लूका ६:४०: 'एउटा चेला आफ्नो गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध भएको हुन्छ, ऊ आफ्नो गुरुजत्तिकै हुनेछ।'*

हाम्रा प्रभु येशूचाहिँ सर्वोच्च र सर्वोत्तम गुरु हुनुहुन्छ। अनि येशूको नाममा पानीको बप्तिस्मा लिएर हामी उहाँका चेला हुन्छौं। अनि जो उहाँको चेला हुन चाहन्छ, ऊ केही समयको निम्ति मात्र होइन, तर जीवनभरि उहाँबाट सिक्न तयार हुनुपर्छ। उहाँ उच्च कोटिको गुरु हुनुहुन्छ; किनभने उहाँको चरित्र सिद्ध छ। अनि हाम्रो आत्मिक कमी ठूलो छ। तर हाम्रो आत्मिक घटीकमी जति धेरै किन नहोस्, यसमा कुनै पर्बाह छैन। किनभने उहाँले हामीलाई चेला-तालिमको निम्ति ग्रहण गर्नुभयो र हामीलाई त्यस निम्न स्तरबाट उठाउनुहुन्छ। तर हामीले 'क, ख, ग'बाट शुरु गर्नुपर्छ। यसर्थ हामीले पहिले पापी भई आफ्नो स्थान लिनुपर्छ। हामी आफूलाई प्रभु येशूको हातमा सुम्पनुपर्छ र उहाँलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा अपनाउनुपर्छ। हामीले पापको क्षमा र परमेश्वरसित मेलमिलाप पाउनुपर्छ। त्यसपछि हामी उहाँको चेलापनमा कदम चाल्नुपर्छ। तर यो कुरा हामीले याद गरौंः हामी एकैचोटिमा सिद्ध हुन सक्दैनौं। हामी आत्मिक जीवनमा धेरै पल्ट चुक्छौं; तर हामीले सिकिरहनुपर्छ, हामी सिक्दै जानुपर्छ। निश्चय नै उहाँ हामीलाई परिपक्व र सिद्ध तुल्याउन सक्नुहुन्छ; अनि हामीले उहाँलाई अनुमति दियौं भने, उहाँले हामीलाई सिद्ध अवस्थामा पुर्‍याएर मात्र छोड्नुहुन्छ; किनभने उहाँ हामीप्रति हाम्रो जीवनभरि अति विश्वासयोग्य रहनुहुन्छ। उहाँको प्रतिज्ञा छः सिद्ध भएको

चेला आफ्नो गुरुजत्तिकै बन्नेछ। यसकारण आउनुहोस्, हामी सिद्धतातर्फ अघि बढ़ौं !

**ग)** *लूका ६:४१-४५: 'अनि तिम्रो भाइको आँखामा भएको छेस्को तिमी किन हेर्छौ, तर आफ्नै आँखामा भएको मुढ़ा चाहिँ थाहा पाउँदैनौ ? अथवा तिमीले आफ्नै आँखाभित्र भएको मुढ़ा देख्दैनौ भने, तिमीले कसरी आफ्नो भाइलाई, "खै भाइ, तिम्रो आँखाभित्र भएको छेस्को मलाई निकाल्न देऊ" भनी भन्न सक्छौ ? हे कपटी, पहिले आफ्नै आँखाबाट मुढ़ा निकाल, त्यसपछि आफ्नो भाइको आँखामा भएको छेस्को निकाल्न तिमीले छर्लङ्ग देख्नेछौ। किनकि असल रूखले खराब फल फलाउँदैन, न ता खराब रूखले असल फल फलाउँछ। किनकि हरेक रूख आफ्नै फलबाट चिनिन्छ। किनभने मानिसहरूले काँड़ाहरूबाट नेभारा टिप्दैनन्, न ता काँड़ाको झाङबाट अङ्गुर बटुल्छन्। असल मानिसले आफ्नो हृदयको असल ढुकुटीबाट असल कुरा निकाल्छ; अनि खराब मानिसले आफ्नो हृदयको खराब ढुकुटीबाट खराब कुरा निकाल्छ; किनकि हृदयको भरपूरीबाट नै त्यसको मुख बोल्छ।'*

हामीले जान्नुपर्ने तेस्रो कुरा यस प्रकारको छः हामी प्रभु येशूका चेला भयौं, अरूलाई सिकाउनको निम्ति होइन, तर आफ्नो निम्ति, र सिक्नको निम्ति। जो आफैले सिक्दैन, त्यसले अरूलाई सिकाउन पाउँदैन। जसले सिक्दैन, रपनि अरूलाई सिकाउँछ, त्यो मानिस

कपटी हो। यसकारण बुझ्नुहोस्, चेलापनमा प्रमुख कुरा हाम्रो आफ्नो सुधार हो। किनकि हाम्रो आँखामा एउटा मुढ़ा भएको रहेछ। हामीलाई आत्मिक मोतीबिन्दु लागेको रहेछ। अनि पहिले यो मोतीबिन्दु हट्नैपर्छ। तब हामी छर्लङ्गै देख्नेछौं र अरूलाई सहायता गर्न सक्षम हुनेछौं।

प्रभु येशूको चेलाको आचरण दुष्ट हुन सक्दैन। प्रभु येशू असल गुरु हुनुहुन्छ; अनि उहाँको चरित्र सिद्ध छ। तब हामी इसाईहरूले उहाँका सद्गुणहरू देखाउन सक्नुपर्छ। आदमका पापी सन्तानहरूको चरित्र चारैतिर प्रायः सबै मानिसहरूमा देखिन्छ। तर ख्रीष्ट-विश्वासीमा एउटा पापी चरित्र देख्न लाजको कुरा हो। यसको मूलकारण हामी कहाँ खोज्नुपर्छ? हाम्रो हृदयमा। हाम्रो हृदय एउटा असल ढुकुटी हुनुपर्छ। अनि यस ढुकुटीमा असल कुराहरू जम्मा भएका हुनुपर्छ। असल कुरा भन्नाले प्रभु येशूमाथि राखिएको हाम्रो विश्वास बुझिन्छ। यो विश्वास अमूल्य छ। तर प्रभुमाथि राखिएको हाम्रो विश्वास बढ्नुपर्छ। किनकि उहाँमा पापबाट छुटकारा छ। उहाँमा पवित्र जीवन जिउने शक्ति छ। उहाँमा हामीलाई परमेश्वरलाई मनपरेको जीवन जिउनको निम्ति खाँचो परेको सबै कुरा छ। यसैले हामीले परमेश्वरको वचनको विशुद्ध खुराक दिनहुँ सेवन गर्नुपर्छ, आफ्नो उत्थानको निम्ति ग्रहण गर्नुपर्छ, मनन गर्नुपर्छ, व्यवहारमा उतार्नुपर्छ। प्रभु येशूमा आत्मिक धनसम्पत्ति धेरै छन्। यो बहुमूल्य धन आफ्नो तुल्याउनुहोस्! चेला भएका हुनाले यसमा तपाईंको हक छ। किनकि हाम्रो हृदयबाट असल कुरा निस्कनु हो भने, हामीले पहिले आफ्नो हृदयमा असल कुराहरू हाल्नुपर्छ। आफैआफ हाम्रो हृदय असल हुने होइन, बरु खराब नै हुन्छ। यसकारण येशूको प्रेम र

शक्तिले भरिनुहोस् ! पवित्र आत्माले भरिनुहोस् ! असल कुराहरूले भरिनुहोस् ! किनकि प्रभु येशू हाम्रो जीवनबाट सबै खराबी निकाल्न, हटाउन र त्यसको बदलीमा असल कुरा हाल्न सक्षम हुनुहुन्छ। यही कारण हामीले उहाँको स्कूलमा भर्ना गर्‍यौं। पापी रहनको निम्ति हामी येशूका चेला हुनुपर्दैन, तर सन्त बन्नको निम्ति हामी उहाँको चेला हुनुपर्छ। तब संसारमा भुलिरहन हाम्रो निम्ति के काम ? होइन, एउटा आत्मिक जीवन जिउन सिक्नुहोस् ! यूहन्ना १३:३४-३५ पदमा प्रभु येशूले के भन्नुभयो ? उहाँले आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः *'म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिन्छुः एक-अर्कालाई प्रेम गर ! जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यसरी नै तिमीहरूले पनि एक-अर्कालाई प्रेम गर ! आपसमा तिमीहरूको प्रेम छ भने, यसैबाट सबैले तिमीहरू मेरा चेला रहेछौ भनी थाह पाउनेछन्।'*

रूखलाई त्यसको फलबाट चिनिन्छ भने, इसाईहरूलाई केले चिनिन्छ त ? तिनीहरूले एक-अर्कालाई प्रेम गर्नुपर्छ; तब मानिसहरूले तिनीहरूलाई ख्रीष्ट येशूका चेलाको रूपमा चिन्दछन्। हामी अरू धेरै कुरामा कसैलाई उछिन सक्दैनौं; किनभने ज्ञान र खूबी अरू मानिसहरूको धेरै छ। तर एक-अर्कालाई क्षमा गर्नमा र प्रेम गर्नमा हामी प्रथम हुन सक्छौं। आउनुहोस्, हामी प्रभुको प्रेममा ध्यान दिऔं, उहाँको प्रेमको सागरमा डुबौं, उहाँबाट प्रेम र भक्तिको पाठ सिकौं, प्रेम र भक्तिमा उत्तीर्ण हौं।

**घ)** *लूका ६:४६-४९: 'अनि तिमीहरू मलाई किन 'प्रभु, प्रभु' भन्छौ, तर मैले भनेका कुराहरू चाहिँ पालन गर्दैनौ ? जो कोही*

*मकहाँ आउँछ, अनि मेरा वचनहरू सुन्छ र ती पालन गर्छ, ऊचाहिँ कोजस्तो छ, सो म तिमीहरूलाई देखाउनेछुः ऊचाहिँ एउटा घर बनाउने मानिसजस्तो हो, जसले गहिरो गरी खन्यो र चट्टानमाथि त्यसको जग बसाल्यो। अनि जब बाढ़ी आयो, तब भेलले त्यस घरलाई खूबै जोरले हिर्काउन त हिर्कायो, तर त्यसलाई हल्लाउन सकेन; किनकि त्यो घर चट्टानमाथि बसालिएको थियो। तर जसले सुन्छ, तर पालन गर्दैन, त्योचाहिँ यो मानिसजस्तो हो, जसले जगविना जमिनमाथि एउटा घर बनायो, जुन घर भेलले खूबै जोरले हिर्कायो, र तुरुन्तै त्यो घर ढल्यो; अनि त्यस घरको विनाश ठूलो भयो।'*

अन्तिम कुरा यही होः हामी आफूलाई इसाई भन्छौं र प्रभु येशूलाई आफ्ना प्रभु र स्वामीको रूपमा स्वीकार गर्छौं। तब हाम्रो यस स्वीकारअनुसार उहाँप्रति हाम्रो परम कर्तव्य हाम्रो आज्ञापालन हो। हो, हामीले उहाँको वचन सुन्नु र जान्नुपर्छ। तर यतिमा हाम्रो जिम्मेवारी सीमित रहँदैन। हामीले उहाँप्रति आज्ञाकारी हुन सिक्नु-पर्छ। तब हाम्रो जीवनको गवाही र हाम्रो मुखको स्वीकार एउटै भाषा बोल्छ। हामी आफ्नो जीवनले प्रभुको बदनाम किन गर्ने? होइन, हामी उहाँलाई प्रगाढ़ प्रेमले प्रेम गरौं र उच्च कोटिको जीवन जिएर उहाँको नामको महिमा गरौं! किनभने हाम्रो विश्वासको जाँच गर्ने दिन बाढ़ीझैं आइरहेको छ। किनकि हाम्रो जीवनमाथि हामीलाई हल्लाउने कुराहरू आइपर्नेछन्। तब हामी कस्तो छौं, फिका, फिका इसाई भएको वा बलिया चेला भएको कुरा सबैको सामु प्रकट हुनेछ, नभई यो कुरा न्यायको दिनमा प्रकट हुने नै छ। त्यस बेलामा हाम्रो

विनाश ठूलो किन हुनेछ ? हाम्रो गवाही किन टिक्दैन ? हामीले प्रभुको वचन सुन्न त सुन्यौं, तर त्यसको पालन गरेनौं । अहा, हाम्रो जीवनको साक्षी बिग्रियो र बड़बाड़ भयो ! ! किनकि हामीले आफूलाई ढोका दियौं । भाइबहिनीहो, यसो हुनुहुँदैन । यसकारण निम्न निर्णय गरौंः

**क)** हामी अन्धा धुनमा नचलौं, तर प्रभु येशूका सच्चा चेला हुने निर्णय गरौं ।

**ख)** हामी चेलापन 'क, ख, ग'बाट शुरु गरौं, र प्रभु येशूप्रतिको विश्वासमा निरन्तर सिद्धतातर्फ अघि बढ़ौं ।

**ग)** हामीले आफ्नो निम्ति सिक्नुपर्छ; किनकि हामीले प्रभु येशूबाट धेरै कुराहरू सिक्नुपर्छ । परिपक्व नभएसम्म हामी सिक्दै जाऔं । रूखलाई त्यसको फलबाट चिनिन्छ भने, मानिसहरूले हामीलाई पनि ख्रीष्टका चेलाको रूपमा चिनून् ।

**घ)** उहाँका चेला भएका नाताले हाम्रो परम कर्तव्य प्रभु येशूका आज्ञाहरू पालन गर्नु हो । हामी मोशाका चेला होइनौं, तर येशूका चेला भयौं । यसैले हामी उहाँबाट सिकौं, र उहाँजस्तै हौं । किनकि हामीले आफैलाई र अरूलाई छल्न सकौंला, तर निश्चय त्यो जाँच गर्ने दिन आउँछ, जब हामी सकली इसाई वा नकली इसाई भएको कुरा सबैको सामु प्रकट हुनेछ । किनकि हाम्रो जीवनमाथि हल्लाउने कुराहरू आइरहेका छन् । के तब हाम्रो विश्वास हल्लिनेछ ? तब हाम्रो विनाश ठूलो हुनेछ । कि के हाम्रो विश्वास बलियो हुनेछ, किनकि हाम्रो विश्वास प्रभु येशू यस बलियो चट्टानमाथि स्थापित भएको छ ? आउनुहोस्, परमेश्वरको महिमाको निम्ति हामी यसको पक्का प्रमाण दिऔं !

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं। धन्यवाद।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्मक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org

https://www.nbcinepal.org/

SCAN ME